मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १५ गते सोमबार ❑ 1 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सम्पूर्ण देशभक्त बामपन्थी मिलेर यो संकटबाट राष्ट्रलाई जोगाउन सकिन्छ: संयोजक प्रचण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर

नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशमा अझै पनि संकट रहेको बताउनु भएको छ।

नेपाली कम्युनिष्ट पार्टीले पोखराको चिप्लेढुङ्गास्थित मानव अधिकारचोकमा आइतबार आयोजना गरेको गण्डकी प्रदेश स्तरीय एकता सन्देश सभामा सम्बोधन गर्दै संयोजक प्रचण्डले देशमा अझै पनि संकटको अबस्था रहेकोले यो अबस्थामा देशभक्त बामपन्थीहरु एक हुन आवश्यक भएको बताउनु भएको हो।

देशका सम्पूर्ण देशभक्त बामपन्थी मिलेर यो संकटबाट राष्ट्रलाई बचाउन सकिने बताउदै उहाँले अहिलेको सरकारले आउदो फागुन २१ गते चुनावको मिति घोषणा गरेकोले सोही अनुरुम आफुहरु चुनावीमा जाने तयारी गरेको बताउनु भयो। उहाँले भन्नुभयो "निर्वाचन तोकिएको मितिमै हुन्छ, यसमा कुनै शंका गर्नु पर्दैन,जनताको जागरुकता कमजोर भए देश पुनः गम्भीर संकटमा पर्ने अबस्था समेत आउन सक्छ तर हामीहरुले यसको निकास दिने गरी विभिन्न १६ घटकहरु बिच एकता गर्दै अघि बढेका छौं अझै एकतामा सामेल गर्न खुल्ला गरेका छौं ।" देशको राष्ट्रिय स्वाधीनता र सुरक्षा चुनौतीमा परेकाले सबै देशभक्त,




वामपन्थी र कम्युनिष्ट शक्तिहरू एउटै मोर्चामा उभिन अपरिहार्य रहेको प्रचण्डको भनाई थियो । सच्चा कम्युनिष्टहरु देशभक्तः हुने उहाँको दाबी थियो । पोखरामा रिङ रोड बनाउने अभियानमा आफ्नो पार्टी र आफ्नो बिषेश पहल हुने बताउदै उहाँले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा सिधै अन्तराष्ट्रिय हवाई उडान गर्न पहल गर्ने संयोजक प्रचण्डले जनाउनु भयो । शिक्षा निःशुल्क बनाउन आफ्नो पार्टीले मुख्य भूमिका खेल्दै देशमा जेनजी युवाको माग अनुसार भ्रष्टचार रहित समाज, शुसासन र प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री तथा राष्ट्रपतिको निर्वाचनको मुद्धा उठाउदै आएको उहाँले बताउनु भयो । पार्टीका सह-संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जेनजी युवाको माग पूरा गर्न आफुहरु तयार रहेको बताउदै देशमा कृषि क्रान्ति आवश्यक भएको बताउनु भयो। जेनजीको भावना सम्बोधन गर्नै पर्छ, तर जेनजीको नाममा कुकर्म गर्ने दोषीलाई कारबाही हुन्छ," उहाँले बन्नुभयो । उनका अनुसार पार्टी एकताका कारण संगठनलाई विधि-नियममा उतार्न ढिलाइ भएको भए पनि निरन्तर एकीकरणले पार्टी मजबूत भइरहेको तर्क गर्नुभयो।

नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले देश जोगाउन वाम-कम्युनिष्ट शक्तिको ऐक्यबद्धता अपरिहार्य रहेको बताउनु भयो। "कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध नहुने हो भने देश समाप्त हुने खतरा रहेको उहाँको भनाई थियो । विगतका सरकारहरूले जनता अपेक्षित कृषि, उद्योग, रोजगारी र भ्रष्टाचार नियन्त्रणमा असफल हुँदा नै जेन-जेड आन्दोलन जन्मिएको उहाँको भनाई थियो।

नेता भिम रावलले केपी शर्मा ओली नेतृत्वले देशलाई खरानी बनाएको बताउनुभयो। ओलीको अंकारले क्षणभरमा देशका ऐतिहासिक र महत्वपूर्ण दस्तवेज सहितको ठुलो क्षति देशले व्यवहोर्नुपरेको उहाँको दाबी थियो।

नेता नारायणकाजी श्रेष्ठले जेन-जेड विद्रोहले उठाएका 'राजनीतिक शुद्धिकरण, भ्रष्टाचार अन्त्य, स्थिरता' का मुद्दा सबै पुस्ताको साझा आकांक्षा भएको उल्लेख गर्दै पार्टीले ती एजेण्डा आत्मसाथ गर्नुपर्नेमा जोड दिनुभयो। "आफू बदलौं, नेताहरू बदलौं, र पार्टी बदलौं," उहाँले भन्नुभयो।

नेता दीननाथ शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेतृ गायत्री गुरुङ, पोखराका मेयर धनराज आचार्य, श्रीनाथ बराल लगायतले बोल्नु भएको थियो। पोखराको मानव अधिकारचोकमा उक्त कार्यक्रम गरे पछि स्थानियले बिरोध गर्दै सटरहरु बन्द गरेका थिए।

## पुस २८ भित्र विशेष महाधिवेशन हुन कसैले रोक्न मिल्दैन : कांग्रेस महाधिवेशन पक्षधर

**रासस**
काठमाडौं, १४ मंसिर

नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधर प्रदेश तथा जिल्ला सभापतिहरूले पुस २८ भित्र विशेष महाधिवेशन कसैले रोक्न नमिल्ने बताउनुभएको छ।

कांग्रेसका २६ जिल्ला सभापति र एक प्रदेश सभापतिले आइतबार संयुक्त विज्ञप्ति जारी गरी पुस २८ भित्र विशेष महाधिवेशन कसैले रोक्न नमिल्ने बताउनुभएको हो।

ऐतिहासिक, लोकतान्त्रिक र जिम्मेवार पार्टी कांग्रेसले डेढ महिनासम्म केन्द्रीय कार्यसमितिको बैठकमार्फत महाधिवेशनको कार्यतालिका तोक्न नसक्नु दुःखद भएको बताउँदै उहाँहरूले असोज २९ गते दर्ता गरेको विशेष महाधिवेशनको मागलाई टार्ने प्रयत्न भइरहेको भन्दै आपत्तिसमेत जनाउनुभएको छ। "ऐतिहासिक, लोकतान्त्रिक र जिम्मेवार पार्टी यस्तो संवेदनशील समयमा दूत गतिमा निष्कर्षमा पुगेर अरूलाई समेत दिशानिर्देश गर्दै नयाँ ऊर्जाका साथ निर्वाचनको तयारीमा लाग्नुपर्नेमा महिनौंसम्म आफ्नै महाधिवेशनका सन्दर्भमा अनिर्णयको बन्दी बन्नु अत्यन्त दुःखद विषय हो", विज्ञप्तिमा भनिएको छ।

पार्टीको महाधिवेशनको सम्भावनाको ढोका बन्द गर्ने गलत मनसायका साथ अनावश्यक रूपमा बैठक लम्ब्याउँदै गएको अरोप लगाइएको छ।

फागुन २१ का लागि घोषित आम निर्वाचनमा नेपाली कांग्रेस नयाँ नेतृत्व र नीतिसहित नवीन ऊर्जा लिएर जानुपर्ने पक्षधरको माग छ। हस्ताक्षर गर्नेमा लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन, नवलपुरका सभापति महेन्द्रध्वज जिसी, बैतडीका सभापति चतुरबहादुर चन्द, अर्घाखाँचीका सभापति केशव श्रेष्ठ, धनकुटाका सभापति दिनेश राई, भोजपुरका सभापति विनोद वान्तवा र तेह्रथुमका सभापति अर्जुन तुम्बाहाम्फे हुनुहुन्छ। यस्तै, हस्ताक्षर गर्नेमा सुनसरीका सभापति केदार भण्डारी, उदयपुरका सभापति हिमाल कार्की, सप्तरीका सभापति रामदेव शाह, रसुवाका सभापति पेम्बाछिरिङ तामाङ, काठमाडौंका सभापति सबुज बानियाँ, ललितपुरका सभापति जितेन्द्र श्रेष्ठ काभ्रेपलाञ्चोकका सभापति तीर्थ लामालगायत हुनुहुन्छ।

## एमाले महाधिवेशन: आठ जिल्लामा प्रतिनिधि छनोटमा समस्या

**रासस**
काठमाडौं, १४ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औं राष्ट्रियं महाधिवेशनका लागि भएको प्रतिनिधि छनोट गरिएका आठ जिल्लाबारे उजुरी परेका छन् ।

महाधिवेशन प्रतिनिधि व्यवस्थापन समितिका सचिव माधव ढुङ्गेलले आठ जिल्लामा प्रक्रियागत ढङ्गबाट प्रतिनिधि छनोट नगर्दा केन्द्रीय कार्यालयमा उजुरी आएको बताउनुभयो । उहाँका अनुसार ओखलढुङ्गा, धनकुटा, दाङ, बाँके, बझाङ, तनहुँ, बारा र रौतहटमा प्रतिनिधि छनोट विधिअनुसार नभएको भन्दै उजुरी आएका हुन् । ती जिल्ला देखिएका समस्या चाँडै समाधान गरिने ढुङ्गले बताउनुभयो।

शनिबार देशभर एमालेको महाधिवेशन प्रतिनिधि छनोट कार्यक्रम थियो । समितिका सचिव ढुङ्गेलले अधिकांश जिल्लामा सर्वसम्मत प्रतिनिधि छनोट भएको र छनोट भएका प्रतिनिधिको विवरण पार्टीको प्रदेश कार्यालयमा सङ्कलन गरी भोलिसम्म पठाउन निर्देशन दिएको जानकारी दिनुभयो । महाधिवेशनका लासग करिब दुई हजार २०० प्रतिनिधि छनोट भएको उहाँले बताउनुभयो। एक प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट खुला, महिला र युवा गरी चार जना प्रतिनिधि छनोट हुन्छन् । यही मङ्सिर २७ देखि २९ गतेसम्म एमाले महाधिवेशन हुँदैछ।

## एमालेको ११ औँ महाधिवेशनको लोगो सार्वजनिक

**रासस**
काठमाडौं, १४ मंसिर

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आशन्न ११औँ राष्ट्रिय महाधिवेशनको प्रतीक चिन्ह (लोगो) सार्वजनिक गर्नुभएको छ।

एमालेको महाधिवेशन प्रचार समितिद्वारा आज पार्टी कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री समेत रहनुभएका अध्यक्ष ओलीले सो लोगो सार्वजनिक गर्नुभएको हो। पार्टीका सचिव



एवं प्रचार समितिका संयोजक पद्यमा अर्यालले उक्त लोगो पार्टीको इतिहास, आन्दोलन र संकल्पको कलात्मक रुप भएको बताउनुभयो । लोगोमा राष्ट्रिय झन्डा, धरहरा, पाँच तल्ले दरबार, पार्टीको निर्वाचन चिन्ह आदिलाई बहुभाषिक रूपमा संयोजन गरिएको छ। कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत पदाधिकारीको उपस्थिति थियो।

सोही अवसरमा महाधिवेशनकेन्द्रित जिङ्गल पनि सार्वजनिक गरियो । यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनका लागि यही मङ्सिर १३ गते मातहतका कमिटीमा प्रतिनिधि छनोट सकिएको छ।

## रास्वपा र विवेकशील साझाबीच पार्टी एकता

**रासस**
काठमाडौं, १४ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टीबीच एकता भएको छ । आइतबार औपचारिक रुपमा काठमाडौंस्थित राष्ट्रियसभा गृहमा आयोजित कार्यक्रममार्फत दुवै दलका शीर्ष नेताले एकता घोषणापत्रमा हस्ताक्षर गर्नुभयो।

रास्वपातर्फबाट कार्यबाहक पार्टी सभापति डोलप्रसाद अर्याल र उपसभापति एवम् उच्च संवाद समितिका संयोजक डा स्वर्णिम वाग्ले तथा विवेकशील साझाका




अध्यक्ष समीक्षा बास्कोटा र सो पार्टीका उपाध्यक्ष एवम् राजनीतिक संवाद समितिका संयोजक प्रकाशचन्द्र परियारले एकतापत्रमा हस्ताक्षर गर्नुभयो । वैकल्पिक राजनीति, पारदर्शिता र सुशासनको अभियानलाई थप मजबुत बनाउन एकता महत्वपूर्ण हुने उहाँहरुको भनाइ छ।

उहाँहरुबीच पाँच बुँदे सहमति पनि भएको छ। सहमतिमा राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक सिद्धान्त र नेतृत्व निःशर्त स्वीकार्दै निष्ठा र मूल्य मान्यतामा आधारित वैकल्पिक राजनीतिकको प्रवर्द्धनमा स्वर्गीय उज्जवल थापा एवम् विवेकशील अभियानको योगदानलाई दस्तावेजीकरण गरी मान्यता दिने उल्लेख छ।

"रास्वपाको पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशनसम्म लागि बनाइएको विशेष संयन्त्र संघीय नेतृत्व मञ्चमा विवेकशील साझा पार्टीबाट एकीकरणको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आइटिएफ जे३० टेनिस टुर पोखराको तयारी पुरा, १६ देशका ८० खेलाडी प्रतिष्पर्धा गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर




कास्की जिल्ला टेनिस संघद्वारा आयोजनामा पोखरा रंगशालाको टेनिस सेन्टरमा सत्तचालन हुने आइटिएफ वर्ल्ड टेनिस टुर जे३० सर्किट १ र २ को सम्पूर्ण तयारी पुरा भएको छ।

सोमबारबाट सुरू हुने प्रतियोगिताको पूर्व सन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा कास्की टेनिसले आइटिएफ जे३० को आठौं सस्करणको सम्पूर्ण तयारी पुरा भएको जनाएको हो।

पोखरालाई खेलकुद पर्यटनको माध्यमबाट विश्वमा चिनाउन महत्वपूर्ण भूमिका खेलेको पहिलो सर्किट अन्तर्गत १६ देशका ब्वाइजतर्फ ५५ र गर्ल्सतर्फ २५ जना गरी कुल ८० जनाले प्रतिष्पर्धा गर्ने ्कास्की जिल्ला टेनिस संघका सचिब भिष्मराज पौडेलले जानकारी दिएका छन्। उनले भनेका छन्- "पोखराले विभिन्न १६ देशका खेलाडी उनीहरुका अभिभावक र प्रशिक्षक गरी करिव २ सय जनाको आतिथ्यता गर्न पाउनु महत्वपूर्ण विषय हो ।" प्रतियोगितामा नेपालसहित भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, बंगलादेश क्यानाडा, अस्ट्रेलिया, कोरिया, युके, सिङ्गापुर, मलेसिया, श्रीलंका, इजरायल, हङकङका खेलाडीहरुको सहभागिता रहेको छ । प्रतियोगिताले स्थानिय खेलाडीहरुको खेल कौशल बढाउन सुनौलो अवसरको रुपमा हेरिएको कास्की टेनिसका निवर्तमान अध्यक्ष लोक बहादुर गुरूङले बताए । उनले भने- "यो महत्वपूर्ण प्रतियोगिता हो । हामीले अन्तिम तयारी पुरा गरेका छौं। सबै पोखरेलीहरुको सहयोगले प्रतियोगितालाई उचाईमा पुर्याउन चाहन्छौं ।" प्रतियोगितामा १३ वर्ष देखि १८ वर्ष उमेर समुहमा हुने प्रतिष्पर्धाका बिजेताले समान ३० अंक, उपबिजेताले १८ अंक, सेमिफाईनलिष्टले ९ अंक, क्वाटर फाइनालिष्टले ५ र आर-१६ ले २ अंक प्राप्त गर्नेछन् । .त्यस्तै डबल्समा विजेताले २५ अंक उपविजेताले १३ अंक, सेमिफाइनालिष्टले ६ अंक, क्वाटर फाइनालिष्टले ३ अंक प्राप्त गर्नेछन्। प्रतियोगितामा पुरुष सिङ्गल्स तथा डबल्स/महिला सिङ्गल्स तथा डबल्स गरी जम्मा ४ ईभेन्टमा प्रतियोगिता संचालन हुनेछन्। जसमा बिजेता तथा उपविजेताले प्रमाण-पत्रसहित मेडल प्राप्त गर्नेछन् । प्रतियोगिताका टुर्नामिन्ट डाइरेक्टर अजय विष्टका अनुसार प्रतियोगितामा ब्वाइजतर्फ जुनियर वरियताका प्रणब मानन्धर (१७६९), आयुष्मान हजुर घले (२२२२), सक्षम विक्रम शाह (३२५६), राज वीर प्रधान (३७००) र बरियताका तथा गर्ल्सतर्फ सुनिता थापा (१२८४), शिवाली गुरुङ (१३६७), स्वस्तिका बिस्ट (३२९९) वरियताका नेपाली खेलाडीहरुको सहभागिता रहेको छ । त्यस्तै वाइल्डकार्ड मार्फत दर्शिल श्रेष्ठ र शास्वत बज्रचार्यको समेत सहभागिता रहनेछ । त्यस्तै प्रतियोगितामा नं.१ ताइपेइका वर्ल्ड र्याकिङ टिङ-हो याङ (१०७७) र नेपाल नं १-सुनिरा थापा (१२८४) को सहभागिता हुनेछ । टुर्नामिन्ट डाइरेक्टर विष्टले प्रतियोगिताका लागि दुई भारतिय अम्पाएर समेत पोखरा आइपुगेको जानकारी दिएका छन् । उनले आगामी वर्षबाट वर्ल्ड टेनिसले नियममा केही सुधार गर्दै अघि बढेको बताउँदै कोर्टको संख्या नबढ्दा खेलाडीको संख्यामा कमि आउने जनाए । नेपाल टेनिसका सचिब समेत रहेका उनले भने-अब प्रतियोगिता नयाँ फर्मयाट जाँदै छ । अब खेलाडीहरुको सख्या बढाउन पूर्वाधार समेत बढाउनु पर्छ। यसका लागि राज्यको ध्यान जान आवश्यक छ।" प्रतियोगिता सम्पन्न गर्न करिव १७ लाख ८७ हजार खर्च हुने आयोजकले जनाएको छ।

प्रतियोगितामा प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति कास्की, पोखरा महानगर पालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशलगायतको सहकार्य रहेको संघका द्वितिय उपाध्यक्ष नविन श्रेष्ठले जानकारी दिए । कास्की टेनिस संघका अध्यक्ष एवं प्रतियोगिताका संयोजक राजकुमार गुरुङ (राजु)ले पोखरालाई खेलकुद मार्फत प्रवर्द्धन गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका निर्वाह गरेको जनाउँदै अर्को सस्करणहरु जे६० वा जे१०० गर्ने तयारीमा रहे पनि पूर्वाधारको अभाव रहेको उनको भनाई थियो । उनले भने-"हामी संग पूर्वाधारको अभाव छ। यदि हामीलाई सहयोग रह्यो भने ठूला बरियताका प्रतियोगिता गर्न हामी सक्षम छौं।"



खोलापुलमा गिर्डर लन्चिङ : मुग्लिन-पोखरा सडक खण्डको पोखरा क्षेत्रमा पर्ने विजयपुर खोलामा निर्माणाधीन पुलमा दुईवटा क्रेनको सहायताले पुलमा गिर्डर लन्चिङ गरी दुईवटा निदाल राख्दै । हालसम्म १५ वटा गिर्डर लन्चिङ गर्ने कार्य सम्पन्न भएको छ। तस्बिरः हरिप्रसाद बास्तोला/रासस

# झिर हाउस र बोहोराफाँटलाई क्लबस्तरीय भलिबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर




पोखरामा सम्पन्न नवौं पिभिटिसी क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगितामा पुरुषतर्फ बोहोराफाँट समाज जापान गलकोट र महिलातर्फ झिर हाउस बागलुङले उपाधि चुमेको छ।

पोखरा-३ नदीपुरस्थित पोखरा भलिबल प्रशिक्षण केन्द्रको कोर्ट (छन्त्याल समाज)मा आइतबार भएको महिलातर्फको फाइनल खेलमा झिर हाउस बागलुङले लालीगुराँस लामाचौरलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि चुमेको हो।

बागलुङले पहिलो र दोस्रो सेट २५-११, २५-२१ ले जितेपनि तेस्रो सेट २६-२८लामाचौरलाई सुम्पियो। चौथो सेट बागलुङले २५-२१ ले पूनरागमन गर्दै लामाचौरलाई पराजित गर्दै उपाधि चुम्न सफल भएको हो।

उपाधि जितेको बागलुङले ६० हजार र उपविजेता लामाचौरले ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। यस्तै पुरुषतर्फ भने, बोहोराफाँट समाज जापान गलकोटले नरेठाँटी युवा क्लबलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको छ।

बोहोराफाँटले नरेठाँटीलाई २८-२६, २५-२०, २०-२५ र २५-१९ ले पराजित गर्दै नवौं संस्करणको उपाधि जित्न सफल भएको हो । उपाधि विजेता बोहोराफाँटले १ लाख ५० हजार र उपविजेता नरेठाँटीले १ लाख रुपैयाँसहित मेडल, प्रमाणपत्र र शिल्ड प्राप्त गरे । यस्तै सेमिफाइनलमा पराजित भएका एपिएफ पोखरा र ठकुरी समाज तनहुँले २५-२५ हजार रुपैयाँ प्राप्त गरे। क्लबस्तरीय भलिबल प्रतियोगितामा महिलातर्फ झिर हाउसका निशा चौधरी सर्वोत्कृष्ट खेलाडी, झिर हाउसका सोइङ थापा उत्कृष्ट सर्भर, लामाचौरका पुजासेन ठकुरी उत्कृष्ट स्पाइकर, झिर हाउसका निरु पुन उत्कृष्ट सेटर, लामाचौरका रिकजना बोटे उत्कृष्ट ब्लकर, वालिङ भलिबलका सलिना गुरुङ उत्कृष्ट डिफेण्डर घोषित भए। उनीहरुले ट्रफी प्राप्त गरे।

यस्तै पुरुषतर्फ बोहोराफाँटका रेशम छन्त्याल सर्वोत्कृष्ट खेलाडी, बोहोराफाँट समाज जापानका विवश आलेर मगर उत्कृष्ट सेटर, बोहोराफाँटका रवि केसी उत्कृष्ट स्पाइकर, नरेठाँटीका विश्वास अधिकारी उत्कृष्ट ब्लकर, बोहोराफाँटका कुञ्जन शाही ठकुरी उत्कृष्ट डिफेण्डर, नरेठाँटीका दिप्सन ठकुरी उदियमान खेलाडी घोषित भए। सर्वोकृष्ट खेलाडी घोषित भएका निशा चौधरी र रेशम छन्त्यालले जनही ५/५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। पोखरा भलिबल प्रशिक्षण केन्द्रको नवौ वार्षिकोत्सवको अवसरमा आयोजित नवौं पिभिटिसी महिला तथा पुरुष भलिबल प्रतियोगिता पोखरा भलिबल प्रशिक्षण केन्द्र नदीपुरको आयोजना तथा ए फोर ग्राफिक डिजाइन एण्ड प्रिन्टिङ प्रेसको सहआयोजनामा मंसिर ९ देखि सञ्चालन भएको प्रतियोगिता आइतबार सम्पन्न भएको हो । २०७३ सालमा स्थापना भएको पोखरा भलिबल प्रशिक्षण केन्द्र सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको छ।

# १३ नं. वडा स्तरीय गणित हाजिरजवाफमा भद्रकाली प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



"गणितमा हौसला , जीवनमा सफलता" भन्ने मूल नाराका साथ पोखरा महानगरपालिका-१३ न.वडा कार्यालयद्वारा आयोजना गरिएको अन्तर विद्यालय मा.वि. तह (९-१०) स्तरीय गणित हाजिरजवाफ प्रतियोगिता भव्य रूपमा सम्पन्न भयो

अक्सफोर्ड बोर्डिङ स्कुलको संयोजन तथा व्यवस्थापनमा सम्पन्न उक्त प्रतियोगितामा वडाभित्र रहेका ९ वटा विद्यालयहरुको सहभागिता रहेको थियो । उक्त प्रतियोगिता १३ न. वडाका वडा अध्यक्ष किरण बरालको प्रमुख आतिथ्यतामा र वडा शिक्षा समितिका शैक्षिक सयोजक संयोजक राजेन्द्र भण्डारीको सभापतित्वमा सम्पन्न भएको थियो । दुई चरणमा सन्चालन भएको उक्त प्रतियोगिता पहिलो चरण लिखित परीक्षा र दोस्रो चरण क्विज राउण्ड रहेको थियो । दोस्रो चरणमा भद्रकाली मा. वि., ताराकुन्ज बोर्डिङ स्कुल, बाल कल्याण बोर्डिङ स्कुल, इडेन्स एकेडेमी, चिल्ड्रेन एकेडेमी र अक्सफोर्ड बोर्डिङ स्कुल उत्कृष्ट ६ मा पर्न सफल भइ दोस्रो चरणमा प्रवेश गरेका थिए । प्रतियोगितामा भद्रकाली माध्यमिक विद्यालयले उत्कृष्ट प्रदर्शन गर्दै प्रथम स्थान हासिल गर्न सफल भयो । द्वितीय स्थान ताराकुञ्ज बोर्डिङ स्कुल, तृतीय स्थान चिल्ड्रेन्स एकेडेमी, चौथो स्थान बाल कल्याण बोर्डिङ र पाँचौ स्थान इडेन्स एकेडेमी स्कुलले प्राप्त गरे । कार्यक्रमको क्विज मास्टर भुमिराज पौडेल, समय जाँचकर्ता चन्द्रमणी अधिकारी र सञ्चालकमा महेन्द्र पौडेल हुनुहुन्थ्यो।

बिजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्दै कार्यक्रमका सभापतिले विद्यार्थीहरूमा गणितप्रतिको रुचि, तार्किक सोच, र प्रतिस्पर्धात्मक क्षमताको विकासका साथै १३ न. वडा भित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र उनीहरुले गर्दै आएका असल अभ्यास आदान-प्रदान गर्नमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बिचार ब्यक्त गरेका थिए।

# एमाले महाधिवेशन प्रतिनिधिः तनहुँ-२ मा सर्वसम्मत

**पोखरापत्र संवाददाता**
दमौली, १४ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को महाधिवेशनका लागि तनहुँ क्षेत्र नं २ बाट सर्वसम्मत प्रतिनिधि छनोट भएका छन् । महाधिवेशन प्रतिनिधि छनोटका लागि शनिबार भएको निर्वाचन प्रक्रियाअन्तर्गत क्षेत्र नं २ बाट सर्वसम्मत रूपमा प्रतिनिधि छनोट भएका हुन्।

सर्वसम्मत हुनेमा खुल्लातर्फ श्रीप्रसाद श्रेष्ठ, विष्णुभक्त सिग्देल, राजेश्वर ढकाल, महिलातर्फ बिर्सना श्रेष्ठ, विष्णु अधिकारी र ४० वर्षमुनीका युवामा उज्ज्वल खनाल रहनुभएको निर्वाचन प्रबन्ध समितिका संयोजक शिवदत्त ढकालले जानकारी दिनुभयो।

तनहुँ क्षेत्र नं १ मा भने सहमति हुन नसकेपछि मतदान गरिएको छ। तनहुँ क्षेत्र नं १ तर्फ दुई जना खुल्लामा हरिराज कँडेल, श्रीराम कार्की, रामबहादुर गुरुङ, घनश्याम श्रेष्ठ, पूर्णबहादुर गुरुङ र प्रेमकुमार राना प्रतिस्पर्धामा हुनुहुन्छ।

एकजना युवाका लागि मदन तिमिल्सिना, सोमबहादुर तामाङ र सरु कुमाल प्रतिस्पर्धामा हुनुहुन्छ । दुई जना महिलाका लागि मनुमाया श्रेष्ठ, देवु विष्ट, रुपा तामाङ र फूलमति थापा प्रतिस्पर्धामा हुनुहुन्छ । मतदान सकिएपछि शनिबार रातिदेखि मतगणना गरिए पनि राति १२ बजेदेखि स्थगित गरिएको छ।

# ७७ प्रतिशत एचआइभी सङ्क्रमित मात्रै उपचारको दायरामा

**रासस**
काठमाडौं, १४ मंसिर

पछिल्लो एक तथ्याङ्कले नेपालमा अनुमानित कूल एचआइभी सङ्क्रमितमध्ये ७७ प्रतिशत मात्र एन्टिरेट्रोभाइरल (एआरभी) उपचारमा रहेको देखाएको छ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हरेक दिन एक दशमलव सात जना व्यक्तिमा एचआइभी सङ्क्रमण पुष्टि भएको छ। यसैगरी, सन् २०२४ को अन्त्यसम्म नेपालमा ३४ हजार ३३७ व्यक्तिमा एचआइभी सङ्क्रमण भएको अनुमान छ । वयस्क जनसङ्ख्यामा शून्य दशमलव १३ प्रतिशत सङ्क्रमण (प्रिभ्यालेन्स दर) रहेको छ। केन्द्रले सार्वजनिक गरेको 'एचआइभी फ्याक्ट सिट २०२५'का अनुसार सन् २०२४ को अन्त्यसम्ममा नेपालमा २६ हजार ३७२ सङ्क्रमितहरुले एन्टिरेट्रोभाइरल (एआरभी) उपचार लिइरहेका छन् र अनुमानित कूल एचआइभीको सङ्क्रमितमध्ये ७७ प्रतिशत एआरभी उपचाररत छन्। सन् २०२४ मा ६१४ व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ भने ५६९ व्यक्तिहरुको एड्सका कारणले मत्यु भएको अनुमान गरिएको छ। सो वर्षमा ३७ बच्चामा (०-१४ वर्ष) नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ । नेपालमा एचआइभी सङ्क्रमणको उच्च जोखिममा रहेका समूहहरु सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मीहरु, कारागारमा रहेका कैदी बन्दीहरु, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशीनेहरु छन् । नेपालमा सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५:९५ अर्थात् ९५ प्रतिशत एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ। सरकारले हाल ६४ जिल्लाका ९६ एआरटी केन्द्रहरुबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध गराउँदै आएको छ। देशका सबै जिल्लामा आमाबाट बच्चामा हुन सङ्क्रमण रोकथाम (पिएमटीसिटी) सेवा, पिएमटीसिटी कार्यक्रमा सञ्चालनमा छ जसअन्तर्गत स्वास्थ्य संस्थामा गर्भवतीमा एचआइभी निःशुल्क जाँच सुविधा छ।

विश्वमा एड्सको अवस्था सन् २०२४ को अन्त्यसम्म संसारमा चार करोड आठ लाख व्यक्तिमा एचआइभी असङ्क्रमण रहेको अनुमान छ । विश्वमा हरेक दिन तीन हजार ६०० मानिस एचआइभी सङ्क्रमित हुने गरेका छन् । यस वर्ष 'अवरोध पार गरौं, एड्स प्रतिकार्य रुपान्तरण गरौं' भन्ने नाराका साथ ३८औं विश्व एड्स दिवस मनाइँदैछ। हरेक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाइन्छ।

# रास्वपा ...

प्रक्रियाबाट आउने नेताहरुलाई आपसी समझदारीमा मनोनयन गर्ने, मञ्चका सदस्यहरुको वरियता केन्द्रीय समितिको सदस्य रहने, विवेकशील साझा पार्टीका सदस्य र सल्लाहकारहरुलाई केन्द्रीय , प्रदोशिक र स्थानीय तहगत संरचनामा समुचित समायोजन गरी तोक्दा योग्यता, समावेशिताको सिद्धान्त र सार्वजनिक छविलाई आधार मानिनेछ", सहमति पत्रमा भनिएको छ । साथै एकीकरणपछि दलको नाम राष्ट्रिय स्वतन्त्र पार्टी र चुनाव चिन्ह घण्टी रहने वार्ता समिति उपसंयोजक शिशिर खनालले जानकारी दिनुभयो । घोषणा कार्यक्रममा दुवै दलका नेता, कार्यकर्ताको उपस्थिति थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निस्सन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

## सम्पादकीय

# विवेकशील र रास्वपाको एकीकरण

जेनजी आन्दोलनपछि फेरिएको राजनीतिक परिस्थितिमा दल दर्ता र दलहरु मर्ज हुने क्रम चलिरहेको छ। वैकल्पिक राजनीतिक दलहरूबीच एकताको नाममा विलय पनि हुन थालेको छ। पुराना ठूला दलहरु आन्तरिक वहस र विवादमा परेका बेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टीले वैकल्पिक शक्तिबिच मिलनको सुरुवात गरेका छन्। आइतबार राष्ट्रियसभा गृहमा आयोजित समारोहबिच यी दुई पार्टीले एकीकरणको घोषणा गरे। दुवै पार्टीका नेताहरुले वैकल्पिक राजनीतिका संस्थापक दिवंगत उज्ज्वल थापाले देखाएको बाटोमा निरन्तर लाग्ने प्रतिबद्धता जनाए। एकता सभामा बोल्ने दुवै पक्षका नेताहरूले थापाले देखेको सपनालाई पूरा गर्ने उद्देश्यले नै पार्टी एकता गरेको जिकिर गरे। रास्वपाले अंगीकार गरेका सिद्धान्त, झण्डा, चुनाव चिन्ह अंगीकार गर्ने गरी दुई पार्टीबिच पाँचबुँदे सहमतिमा हस्ताक्षर भएको थियो। हस्ताक्षरपछि रास्वपा र विवेकशील साझाका नेताहरूले घण्टी बजाएर एकताको स्वागत गरे। छोटो समयमै उदाएको रवि लामिछाने नेतृत्वको रास्वपा र भ्रष्टाचार विरुद्ध आवाज उठाउन गठन भएको विवेकशील पार्टीका संस्थापक स्व उज्ज्वल थापाको आदर्शबीच तालमेल खाँदैन। विचार, सिद्धान्त र आदर्श भूलेर लोकरिझाईमा लागेपछि पार्टीको अवसान कसरी हुन्छ भन्ने उदाहरण हो। विवेकशील र रास्वपाको एकीकरण।

रास्वपामा विलय भएपछि साविक विवेकशील साझाकी नेतृत्व यो एकता विलय नभई प्रलय भएको जिकिर गरिन्। संस्थापक थापाले खोलेको वैकल्पिक राजनीतिको ट्र्याकलाई रवि लामिछाने नेतृत्वको रास्वपाले राजमार्ग बनाएको उनले दावी आदर्शलाई भुलेर लोकरिझाईमा जाँदा हुने नियति यस्तै हुन्छ। 'विवेकशील साझाले वैकल्पिक राजनीतिको ट्र्याक खोल्यो। रास्वपाले त्यही ट्र्याक छोडेर पुरानै राजमार्गमा कुद्न चाहेको छ भन्ने रवि लामिछाने सत्तामा कसरी लोभिए भन्ने स्पष्ट भएको छ। उज्ज्वल थापाले रोपेको फूल फल्न र फुल्न नपाई उखेलिएको छ। विवेकशील साझा पार्टीले १० वर्षसम्म प्रयास गर्दा पनि संसद्मा तीन सिट मात्र ल्याउन सकेको हो।तर रविले पाँच महिनामै २१ सिट जितेर भाग्यमानी बनेपछि विवेकशील साझाले एकताका लागि हार्दिकता देखाएको र रास्वपाले पनि रवि लामिछानेको पार्टीमा णसंस्थापक थापाको फोटो नबेचेको जिकिर गर्दै उनकै सपना साकार बनाउन एकता प्रक्रियामा मिसिएको प्रष्टीकरण दिइन्।

'विकेकशील साझामा सधैं संक्रमण भयो। यसलाई खरानी बनाइयो। खरानीबाट उठेर उठ्न पनि आउँछ। मैले उज्ज्वलजीको फोटो बेचेको छैन। उनकी धर्मपत्नीलाई सोधेँ। उहाँ भएको भएपनि यही गर्नुहुन्थ्यो भनेपछि म खुसी भएँ', उनले भनिन्। उनले कुनै सर्त नराखी आफूले रास्वपासँग एकता गरेकाले विवेकशील साझाबाट आएकालाई सक्रियतापूर्वक काम गर्न निर्देशन समेत दिइन्। रास्वपाका उपसभापति तथा राजनीतिक संवाद समितिका संयोजक डा. स्वर्णिम वाग्लेले विवेकशीलका संस्थापक थापासँग निधन हुनुअघि लामो समय सम्पर्कमै रहेको र उनले देखेको सपना सबै मिलेर पूरा गर्ने जिकिर गरे। 'प्रजातन्त्रलाई कसरी उन्नत बनाउने ? एक थान चुनावका लागि मात्र लोकतन्त्र हो भन्ने भाष्यबाट मुक्त भएर संवैधानिक उदारवादमा आधारित हुन्छ। कानुनी राज्य, शक्तिको पृथकीकरण, प्रेस स्वतन्त्रताका कुरा छन्। यसमा ध्यान दिएनौँ भने अनुदार प्रजातन्त्र आउँछ। 'दूषित राजनीतिलाई सङ्ल्याउनेबारे २०१९ मा छलफल भएको रहेछ। त्यसकारण उनको सपना हामी सबै मिलेर गर्नुपर्छ।' नख्खु जेलमा रहेका रास्वपाका सभापति रवि लामिछानेले एकता प्रक्रियामा आएकालाई मिडिया ट्रायलबाट सचेत रहन र थापाले अगाडि बढाएकै वैकल्पिक राजनीतिलाई अगाडि बढाउने सन्देश पठाएको वाग्लेले जानकारी गराए। साविक विवेकशील साझाकी महासचिव समेत रहेकी रञ्जु दर्शनाले आफू थापाकै आदर्शबाट १७ वर्षकी कलिलो उमेरमै राजनीतिमा लागेको बताइन्। संस्थापक थापाले नाममा होइन, काम गरेर देखाउ भन्नेमा प्रेरणा दिने गरेको स्मरण गरिन्। आफू बिलाउन नभई मिलाउन आएको जिकिर गरिन्। सभालाई समापन गर्दै कार्यवाहक सभापति डोलप्रसाद अर्यालले वैकल्पिक राजनीतिको अभियान थापाले अगाडि बढाएको स्विकारे। मतदाताले विवेकशील साझालाई पनि अपमान नगरेको उनले स्पष्ट परे।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोखरामा "स्मृतिमा झलकमान र नारायण गोपाल साँझ" हुने

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराले मंसिर १८ गते "स्मृतिमा झलकमान र नारायण गोपाल साँझ" आयोजना गर्ने भएको छ।

झलकमान गन्धर्व सारङ्गी पाठशाला र पोखरा महानगरपालिका वडा नम्बर ९ को संयुक्त आयोजनामा कार्यक्रम हुने स्टेसन म्यानेजर सञ्जय कुमार मल्लले जानकारी दिए। कार्यक्रमको तयारीमा तीव्रता दिइएको उनको भनाइ छ। रेडियोको रजत वर्षको अवसरमा वर्षभरी १२ महिना १२ कार्यक्रम अन्तरगत यो कार्यक्रम आयोजना गर्न लागिएको हो।

पोखरा महानगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले नेपाली साङ्गीतिक क्षेत्रमा महत्वपूर्ण योगदान दिएका स्रष्टाहरूको स्मृतिमा आयोजना गरिएको कार्यक्रमको बेग्लै गरिमा रहने विश्वास व्यक्त गरे। कार्यक्रममा सहभागी हुन उनले वडावासीलाई आग्रह समेत गरेका छन्। रेडियोको रजत वर्षको अवसरमा आयोजित कार्यक्रममा वडा कार्यालय जोडिन पाएकोमा खुशी व्यक्त गरे। वडाले गीत संगीत, कला, साहित्यको क्षेत्रलाई समेत महत्व दिने गरेको उनको भनाइ छ। कार्यक्रम पोखराको महेन्द्रपुलमा रहेको फाल्चामा साँझ साढे ४ बजेबाट सुरु हुने कार्यक्रम संयोजक राजाराम पौडेलले जानकारी दिए। प्रवेश निःशुल्क हुने यो कार्यक्रममा उपस्थित भएर सारङ्गीका धुन मार्फत झलकमान गन्धर्व र नारायण गोपाललाई स्मरण गर्न सकिने भएकोले सबैजनालाई उपस्थित भएर साथ दिन संयोजक पौडेलले आग्रह गरेका छन्। कार्यक्रममा झलकमान गन्धर्व सारङ्गी पाठशालामा अध्ययनरत विद्यार्थीले सारङ्गीको धुनमा झलकमान र नारायण गोपालका गीत सुनाउनेछन्। कार्यक्रमलाई भव्य बनाउन प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका वडा नम्बर ३, वडा नम्बर ११ र वडा नम्बर १२ सहित पोखरा इन्टरनेट, परिचय एडभरटाइजिङ, पालिखे ढाका टोपी, एस.के साउन्ड, रूपाकोट ज्योति सुनचाँदी पसल, सिटीवान टेलिभिजन र नेवा मिसः पुचः कास्की लगायतको सहयोग समेत रहने छ।

रेडियोले हरेक वर्ष नारायण गोपालको स्मृतिमा नारायण गोपाल साँझ गर्दै आइरहेको थियो। रजत वर्षको अवसरमा यस अगाडि रेडियोले पोखरा १४ मा रहेको वात्स्यायन वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा सहयोग, बिभिन्न बहस मूलक कार्यक्रम, जेनजी आन्दोलनको क्रममा आगजनी र तोडफोड भएको जिल्ला प्रहरी कार्यालय कास्कीमा स्टेसनरी सामाग्री वितरण, प्रसिद्ध धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ, झलकमान गन्धर्व सारङ्गी पाठशालाका विद्यार्थीलाई राष्ट्रिय पोशाक सहयोग लगायतका काम गरिसकेको छ। रेडियो अन्नपूर्ण २०५८ साल वैशाख १२ गते स्थापना भएको हो। २५ वर्षको अवधिमा रेडियोले सञ्चार क्षेत्रमा बेग्लै पहिचान बनाउन सफल भएको छ।

# मल्कवाङमा पहिलोपटक बस पुग्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १४ मंसिर

भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने जिल्लाको धवलागिरि गाउँपालिका-५ मल्कवाङमा पहिलोपटक बस पुगेको छ। सदरमुकाम बेनीबजारबाटयात्रु बोकेर शनिबार पहिलोपटक ध१ख ३०८ नम्बरको बस मल्कवाङ पुगेको हो।

बसका धनी जगत दगामी मगर र चालक श्याम मिजारलाई स्थानीयले अबिर र माला लगाएर स्वागत गरेका छन्। धवलागिरि-५ मल्कवाङका वडाध्यक्ष अमर छन्तयालसहित जनप्रतिनिधि, स्थानीय अगुवा, आमा समूह र युवा क्लबका प्रतिनिधिहरूले चालक र सवारीधनीलाई स्वागत गर्नुका साथै खुसीयाली मनाएका हुन्। वडाध्यक्ष छन्त्यालका अनुसार विसं २०७८ मा सडक सञ्जालमा जोडिएको मल्कवाङमा यसअघि जिप, ट्र्याक्टर र मोटरसाइकल मात्र आउने गरेका थिए। गाउँपालिकामार्फत बर्खामा अवरुद्ध सडक मर्मत गर्ने क्रममा अप्ठ्यारो ठाउँमा ग्रेड र घुम्ती मिलाएर बस सञ्चालन गर्न मिल्ने बनाइएको उहाँले बताउनुभयो।

सडक सञ्जालमा जोडिएको पाँच वर्षपछि मल्कवाङमा बस सञ्चालन हुन थालेको हो। बस सञ्चालन भएपछि स्थानीयवासीले जिपको तुलनामा सस्तो भाडादरमा यात्रा गर्न पाएको भन्दै खुसी व्यक्त गरेका छन्। यसअघि जिपमा मल्कवाङ-बेनी यात्रा गर्दा प्रतिव्यक्ति रु एक हजार भाडा तिर्नुपर्ने बाध्यता थियो। बसका लागि प्रतिव्यक्ति भाडादर रु सात सय ५० कायम गरिएको वडाध्यक्ष छन्तयालले जानकारी दिनुभयो। "बेनीबाट मल्कवाङसम्मको दूरी ४५ किमी छ। बस सेवा सञ्चालन भएसँगै मल्कवाङ, भेडिखाल्डा, कुइनेखानी, आरवाङ, घण्टीवाङका तीन सयभन्दा बढी परिवार लाभान्वित भएका छन्", उहाँले भन्नुभयो।

असारदेखि असोजबाहेक आठ महिना बस सञ्चालन गर्न मिल्ने गरेर सडक बनाइएको वडाध्यक्ष छन्त्यालले बताउनुभयो। म्याग्दी यातायात प्रालिले बेनीबाट हरेक बिहान ७:०० बजे र मल्कवाङबाट बिहान ८:०० बजे प्रत्येक दिन एउटा-एउटा बस छुट्ने जनाएको छ। यसअघि मल्कवाङ, भेडिखाल्टा, आरवाङ, घण्टीवाङ, कुइनेखानीका बासिन्दा पैदलयात्रा गरेर मराङ बैंसी पुगेर बस चढ्ने गर्दथे। मल्कवाङबाट भेडीखाल्टालाई सडक सञ्जालमा जोड्नका लागि धवलागिरि गाउँपालिकाले चालु आर्थिक वर्षको योजना कार्यान्वयनको तयारी गरेको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो। उहाँका अनुसार उक्त खण्ड विस्तार तथा स्तरोन्नतिका लागि यस वर्ष रु ३० लाख विनियोजन भएको छ।

भेडिखाल्टामा पनि हालसम्म सडक पुगेको छैन। गण्डकी प्रदेश सरकारले मालिका गाउँपालिकाको बिमलुरवाङ, मराङबैंसी, अर्वाङ हुँदै मल्कवाङ जोड्ने सडक स्तरोन्नतिका लागि बहुवर्षीय योजना सञ्चालन गर्ने लक्ष्यसहित चालु आवमा रु एक करोड विनियोजन गरेको छ।

प्रदेशसभा सदस्य रेशम जुग्जालीले उक्त बजेटलाई २० प्रतिशत मानेर रु पाँच करोड स्रोत सुनिश्चितता गराई बहुवर्षीय ठेक्का आह्वान गर्नुपर्ने धारणा राख्नुभयो। लुरवाङबाट मल्कवाङ खण्डको अप्ठ्यारो ठाउँको सडकलाई स्तरोन्नति गरेर सहज बनाउन पहल गरिरहेको उहाँले जानकारी दिनुभयो।

# ठकुरी युवा परिवार कास्कीको 'अवचेतन मन र नेतृत्व विकास' तालिम पोखरामा

पोखरापत्र संवाददाता
मंसिर, १४ मंसिर




ठकुरी युवा परिवार कास्कीद्वारा आयोजना गरिएको 'अवचेतन मनको शक्ति र नेतृत्व विकास' विषयक विशेष प्रशिक्षण कार्यक्रम शनिबार पोखरामा सफलतापूर्वक सम्पन्न भएको छ।

युवाको क्षमता अभिवृद्धि र नेतृत्वशीलता विकास गर्ने उद्देश्यले गरिएको उक्त तालिमले सहभागीहरूमा अत्यन्त उत्साहजनक प्रभाव पारेको आयोजकले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि तथा ठकुरी समाज महासंघ, नेपालका अध्यक्ष खिम बहादुर शाही लक्ष्मणले युवालाई सक्षम, सजग र परिवर्तनकारी शक्ति बनाउन यस्ता कार्यक्रम अत्यावश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'युवा पुस्ताले साझा लक्ष्यसहित अघि बढ्न सके समाज रूपान्तरणको गति अझ तीव्र हुन्छ।' उहाँले आगामी दिनमा पनि यस्ता तालिमको निरन्तरतामा जोड दिनुभयो। कार्यक्रमका प्रमुख प्रशिक्षक सामाजिक मनोविज्ञ डा. दलिप कुमार मल्लले अवचेतन मनको शक्ति, सकारात्मक सोच, आत्मा अनुशासन र नेतृत्व क्षमताको गहिरो प्रभावबारे व्यावहारिक प्रशिक्षण प्रदान गर्नुभयो। ५० जना भन्दा बढी सहभागिता रहेको उक्त प्रशिक्षण कार्यक्रममा हालसम्म ६९ वटा यस्ता तालिम सञ्चालन गरेका डा. मल्लले आफ्नो अनुभव सुनाउँदै सामाजिक रूपान्तरणमा युवा पुस्ताको अग्रणी भूमिकाको आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, 'समाज बदल्नुभन्दा पहिले आफू बदलिनु जरुरी भएको र त्यो परिवर्तन अवचेतन मनबाटै शुरू हुन्छ।' यस्तै ठकुरी युवा परिवार कास्कीका अध्यक्ष रमेश हमालले युवालाई लक्षित कार्यक्रमले आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकास र नेतृत्व क्षमताको विस्तारमा महत्त्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभयो। उहाँले सहभागीहरूको सक्रियता र उत्साहप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता समेत जनाउनुभयो। यसै क्रममा सल्लाहकार दुर्गा शाह 'बाबा', टुक बहादुर मल्ल, अनिल कुमार शाही, सन्तोष शाही लगायतका अतिथिहरूले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै युवालाई निरन्तर यस्ता ज्ञानमूलक गतिविधिमा सहभागी बन्न आग्रह गरे।

त्यस्तै कार्यक्रमका उपाध्यक्ष ज्योति हमालले सबै अतिथि, सहभागी र सहयोगीहरूलाई स्वागत तथा धन्यवाद व्यक्त गर्दै कार्यक्रमलाई सफल बनाउन सबैको भूमिका सराहनीय रहेको बताउनुभयो। सचिव मोहन शाहीले युवाहरूको उत्साहपूर्ण उपस्थिति, सकारात्मक उर्जा र प्रेरणादायी प्रशिक्षणका कारण कार्यक्रम अझ प्रभावकारी र सफल बनेको बताउनुभयो।

ठकुरी युवा परिवार कास्कीले आगामी दिनमा पनि युवालाई केन्द्रमा राखेर नेतृत्व, सीप विकास र व्यक्तिगत रूपान्तरणमा केन्द्रित कार्यक्रम जारी राख्ने जनाएको छ।

## गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
## ग्रामिण सडक सञ्जाल सुधार आयोजना (RCIP–AF)
## आयोजना कार्यान्वयन इकाई (PIU)
पोखरा, कास्की

## गाडी भाडामा लिने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०८/१५)

यस ग्रामिण सडक सञ्जाल सुधार आयोजना (RCIP–AF) आयोजनालाई फिल्ड अनुगमनका लागि ४ पाङ्ग्रे 4wd (Four Wheeler) Full Body/Pick Up सवारी साधन भाडामा लिनु पर्ने आवश्यक भएकोले ईच्छुक सवारी धनी व्यक्ति, फर्म तथा संस्थाहरुले नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि Rastriya Banijya Bank, Prithiwichowk Branch मा RCIP–AF, PIU–Gandaki Province, Pokhara (Office Code: 3370139034 को राजश्व खाता नं. 27302000001001000001 मा रु १०००।०० जम्मा गरेको बैंक भौचर संलग्न गरि मिति २०८२/०८/२९ गते कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी मिति २०८२/०९/०१ दिनको १२:०० बजेभित्र कार्यालयको प्रशासन शाखामा रितपूर्वक दरभाउपत्र खामबन्दी गरी दर्ता गरिसक्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरुः**

१. **व्यक्तिको हकमाः**
- नागरिकताको छायाँप्रति थान-१
- यस कार्यालयबाट बुझिलगेको फाराम प्रमाणित गरी सक्कलै बुझाउने थान-१
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान- १
- (नविकरण भएको। सवारी साधनको ब्लुबुकको छायाँप्रति धान- १
- (नविकरण भएको) सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

२. **कम्पनी वा फर्मको हकमाः**
- फर्म दर्ता प्रमाणपत्रको छायाँ प्रति थान-१
- करचुक्ता प्रमाणपत्र (०८०/०८१) को छायाँ प्रति थान १
- यस कार्यालयबाट बुझिलगेको फाराम प्रमाणित गरी सक्कलै बुझाउने धान-१
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान-१
- (नविकरण भएको) सवारी साधनको ब्लुबुकको छायाँप्रति थान-१
- (नविकरण भएको) सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

**सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरुः**
- चालु अवस्थामा रहेको 4wd (Four Wheeler) Full Body/Pick Up हुनुपर्ने।
- सबारी साधनको ब्लुबुक नविकरण भएको हुनुपर्ने।
- कम्तिमा तेस्रो पक्ष बिमा गरेको हुनुपर्ने।
- भाडामा उपलब्ध गराउने सवारी साधन सवारी साधन कम्तिमा २०१९ मोडलको हुनुपर्नेछ।
- भाडामा उपलब्ध गराउने सवारी साधनको इन्जिन क्षमता कम्तिमा २३०० सिसि हुनुपर्नेछ।
- इन्धनको व्यवस्था कार्यालयले व्यहोर्नुपर्ने।
- मर्मत खर्च सवारीधनी स्वयमूले व्यहोर्नुपर्ने
- अन्य विस्तृत विवरण शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजपत्रमा उल्लेख गरिएको छ।

आयोजना प्रमुख

# महिला हिंसा

सविना प्रजा

हरेक वर्ष २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म लैङ्गिक हिंसाका विरुद्ध ऐक्यबद्धता जनाउन र जनचेतना अभिवृद्धि गराउन तथा कायम राख्नको लागि विश्वभर विभिन्न किसिमका कार्यक्रमहरूको आयोजना गरी १६ दिने अभियानको रूपमा मनाउने गरिन्छ।

विभिन्न अध्ययनले देखाए अनुसार संसारभरमा हेर्ने हो भने प्रत्येक तीन जना महिलामध्ये एक जनाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारका हिंसा भोगेका हुन्छन् भन्ने अध्ययनले देखाउँछ। अधिकांशले आफ्नो सबैभन्दा नजिकको प्रेमी, विश्वासपात्र वा निकटको जीवनसाथीबाट सो प्रकारको हिंसा व्यहोरेको अध्ययनमा उल्लेख गरिएको छ। अर्को तथ्यांक हेर्ने हो भने ३५ प्रतिशत महिलाले जीवनकालमा कुनै न कुनै प्रकारको शारीरिक वा यौनजन्य हिंसाको शिकार भएको उल्लेख गरिएको छ।

कतिपयले विपरीत लिङ्गीप्रति आकर्षित हुनु स्वभाविक कुरा हो, तर त्यसैको आडमा कर बलको प्रयोग गर्नु हिंसा भित्र पर्दछ। नारी पुरुषसँगै हिंड्ने सँगै बस्ने र सँगै कामकाज गर्दा भएका हिंसाजन्य क्रियाकलापहरू सबैलाई हिंसा भनिँदैन, तर सोही क्रममा भएका बल प्रयोगका क्रियाकलाप हिंसा भित्र पर्दछन्। हिंसा सँगै रहँदा बस्दा मात्र हुँदैन। अनायासै वा जीवन सङ्घर्षको क्रममा पनि हिंसाजन्य घटनाहरू भएको पाइन्छ।

दिनहुँजसो पत्रपत्रिकामा दाइजो नल्याएको निहुँमा महिलामाथि दुर्व्यवहार, बोक्सीको आरोपमा कुटपिट लगायत मादक पदार्थ सेवन गरेर जथाभावी गरिने क्रियाकलाप हिंसा भित्र पर्दछन्। कार्यस्थलमा हुने अमानवीय व्यवहार, श्रमिकहरूमाथि हुने आमनवीय व्यवहार, बलात्कार र हिंस्रक अपराध पनि हिंसा हुन्।

अब, यसलाई नियाल्दा हिंसाबाट बच्न र बचाउन केवल दिवस मनाएर मात्र पुग्दैन भन्न खोजेको हुँ। लैङ्गिक विभेदले हिंसालाई प्रश्रय दिइरहेको वर्तमान अवस्थामा त्यस्तो विभेदमा कमी ल्याउन आवश्यक प्रयास गर्नु पर्दछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले हरेक मानिसको स्वतन्त्रतापूर्वक जन्मन, हुर्कन र बाँच्न पाउने अधिकारको ग्यारेन्टी गरेको छ। मानव अधिकारको घोषणापश्चात् संयुक्त राष्ट्र सङ्घबाट महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, आप्रवासीका अधिकार लगायतका महासन्धीहरू पारित भइसकेको अवस्थामा पनि लैंगिक विभेद आजको विश्वव्यापी समस्या हो र यस समस्याबाट खास गरी महिला तथा बालिकाहरू बढी पीडित हुने गरेका छन्। पितृसत्तात्मक समाजमा महिला तथा बालिकाहरूलाई कमजोर र दोस्रो दर्जाको नागरिक समान व्यवहार हुने गरेको छ। धर्म, सङ्स्कार, संस्कृति रीतिरिवाज आदिका नाममा हानिकारक रीतिरिवाजको प्रचलनका कारण महिला, किशोरी र बालिकामाथिको दमन हजारौं वर्षदेखि भए गरेका छन्।

महिला तथा बालिकामाथि हुने यिनै हिंसा विरुद्ध संसारभर बहस, छलफल र ऐक्यबद्धताका लागि संयुक्त राष्ट्र सङ्घले हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको रूपमा मनाउँदै आइरहेको छ। यस सोह्र दिने अभियान भित्र अन्य दिवसहरू पनि पर्दछन्, यसैभित्र समेटेर यी दिवसहरू मनाउने गरिन्छ।

हाम्रो समाजको अवस्थालाई हेर्ने हो भने हिंसाको शुरुवात परिवार र समाजबाट नै भएको पाइन्छ। छोरा र छोरी बिचमा गरिने भेदभावले हिंसालाई नजानिँदो रूपमा सहयोग गरेको हुन्छ। परिवार, समाज अनि राष्ट्रले महिला र पुरुषमाथि भेदभावको व्यवहार जबसम्म गर्दछ, तबसम्म महिला हिंसा विरुद्धको अभियान सफल हुनेवाला छैन।

एउटा उच्च दर्जामा रहेको व्यक्तिले आफ्नो शक्तिको आडमा महिलाहरूमाथि देखाएको वक्रदृष्टि, गरेको व्यवहार, अहिले सामाजिक सञ्जालको प्रयोगबाट गरिने व्यवहारले हिंसाको शुरुवात भएका कैयौं उदाहरण पाउन सकिन्छ। एउटी महिला, जसले प्रतिकार नगरेकै अवस्थामा त्यस्ता व्यक्तिहरूले महिलालाई प्रयोग गरिरहेको पाइन्छ। कतिपय अवस्थामा विभिन्न लोभ लालच देखाएर महिलामाथि अनेकन व्यवहार गर्दासम्म कतिपय महिलाहरू सहेर बस्न बाध्य छन्। हुन त, कतिपयले यसलाई सहिदिएकै भरमा त्यस्ता व्यक्तिहरू अझै प्रोत्साहित भइरहेका पनि छन्। तसर्थ महिलाहरू यस्ता क्रियाकलापमा केही नबोल्नु वा सहनु भनेको हिंसालाई प्रश्रय दिनु नै हो भन्ने बुझ्नु जरुरी छ। हिंसा भएको जानकारी पाउनासाथ सम्बन्धित निकायमा खबर गर्नु पर्दछ भन्ने जानकारी भएर पनि जानकारी नगराएको अवस्था एकातिर छ भने कतिपय अवस्थामा त्यही सम्बन्धित निकायभित्र पनि हिंसाको शिकार हुनुपरेका घटनाहरू पनि देखिन्छन्।

एउटा अफिसमा पुरुषले महिलालाई नजानिंदो तवरले हिंसा गरेका उदाहरण खोज्न टाढा जानु पर्दैन। कतिपय अवस्थामा महिला आफैं नजिक हुन खोज्ने, स्वार्थ पूर्ति गर्नको लागि अनावश्यक सम्बन्ध राख्न खोज्दा हिंसाको शिकार भएर पछि सम्बन्धित निकायमा गएका उदाहरण खोज्न पनि टाढा गइरहनु पर्दैन। नेपाल प्रहरीको तथ्याङ्क हेर्ने हो भने महिला हिंसा बढ्दो अवस्थामा रहेको पाइन्छ। खास गरी नेपाली संस्कृतिमा पश्चिमा संस्कृतिको नक्कल भित्रिरहँदा महिला हिंसा भुसको आगो जस्तै भित्रभित्रै सल्किरहेको देख्न सकिन्छ। भर्खरै मात्र कलाकार तथा लोक गायिका जेरी र शंकरबिच भएको डिभोर्सको घटना र यसभित्रका विविध पाटाहरूलाई उनीहरूकै भाषामा यूट्युवहरूले छताछुल्ल पारिदिएका छन्। यसबाट के बुझ्न सकिन्छ भने सकेसम्म घरबार किन बिगार्ने भन्ने हेतुले महिलाहरूले आफ्ना समस्या, दुःख, पीडा र कष्टलाई लुकाएर, आफूमाथि भएका हिंसालाई दबाएर बस्न विवश छन् नेपाली चेलीहरू। यो एउटा उदाहरण मात्र हुन सक्छ, यदि घरयासी हिंसालाई बाहिर ल्याउने हो भने, यसले ठूलो तथ्यांक देखाउँछ। यहाँ भन्न खोजिएको के हो भने महिला हिंसाका कतिपय सबालहरू घरभित्रै दबिएका छन्। यसका लागि हिंसा महिला हिंसा विरुद्धको दिवसले प्रभाव पार्न सकेको छैन। एक त नेपाली संस्कृति अर्को पुरुष प्रधान समाज र अर्कोतर्फ आफ्नो भविष्य, परिवार र ईज्जतको चिन्ता प्रमुख कुरा हुन्। भएगरेका हिंसा पनि बाहिर आउन नसक्नुमा विविध समस्या र विषय छन्। यसलाई जबसम्म बाहिर ल्याउन सकिंदैन, हिम्मत गरिँदैन, तबसम्म बाहिर मेलमिलाप र भित्र हिंसा रहि नै रहने निश्चित छ। यसमा महिला नै बढी जिम्मेबार छन्।

विद्यालय स्तरको पाठ्यक्रममा महिला हिंसा अन्त्य गर्नका लागि बालबालिकालाई शिक्षा दिएको पाइन्छ, यसले बालबालिका तह देखि नै हिंसासम्बन्धी व्यवहार जान्न र बुझ्न बालबालिकाहरूले मौका पाएका छन्। यसरी प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न, मनन गर्न र बुझ्न उत्तिकै आवश्यक छ। यौवनावस्थामा भएको मायाँप्रेम, मन नमिलीकन गरिएको विवाह, दाईजो प्रथा, महिलाहरूको बाहिरी समाजसँगको सम्बन्ध, महिलाले विवाह अघि राखेका सामाजिक र दौतरी सम्बन्ध आदि महिला हिंसाका प्रमुख कारक देखिन्छन्।

त्यसो त महिला हिंसामा पुरुष मात्र नभई महिलाहरू पनि सहभागी भएका हुन सक्छन्। सासुले बुहारी, बुहारीले सासुमाथि गर्ने हिंसा, दिदीले बिचहनी, नन्दले भाउजु शिक्षिकाले छात्रा, विद्यार्थी आदिमाथि पनि हिंसा गरेका घटनाहरू बेलाबखत बाहिर आउने गर्दछन्। तसर्थ महिला हिंसामा पुरुष मात्रै कारक हो भनेर भन्नु पनि अनुपयुक्त हुन्छ जस्तो लाग्दछ।

तसर्थ, लिङ्गकै कारणले कुनै पनि भेदभाव गरिनुहुँदैन भन्ने कुरालाई हेर्ने हो भने, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रममा यस्ता समस्याको खोजी गर्नु पर्दछ। दिउँसो विविध कार्यक्रमका साथ दिवस मनाउने र बेलुका घरमा हुने हिंसा बिचमा जबसम्म ब्यालेन्स मिल्दैन, तवसम्म हिंसा हिंसाकै रूपमा भित्र रहनेछ। यस दिवसमा महिला अधिकारकर्मीहरूलाई समाजका कुनाकन्तरामा रहेका घटना बाहिर ल्याउन सक्ने गरी तालिमको व्यवस्था गर्ने भए गरेका हिंसाका घटना, समस्या पत्ता लगाई मनोवैज्ञानिक रूपमा काउन्सिलिङका माध्यमबाट समाधान गर्ने संयन्त्रको विकास गरिनु पर्दछ। अनि मात्र केही हदसम्म घरेलु हिंसाको समाधान हुन सक्छ।

साभारः गण्डकी आलोक

# कक्षाकोठाको सिद्धान्त जाँच्न न्युजरुम पुगे लेकसिटीका विद्यार्थी

पोखरापत्र संवाददाता
पोखरा १४ मंसिर



पोखराको लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा पत्रकारिता अध्ययनरत विद्यार्थीले आइतबार कक्षाकोठाको चारदिवारी बाहिर निस्केर 'मिडिया भिजिट' गरेका छन्।

स्नातक तहमा आमसञ्चार तथा पत्रकारिता विषयको पहिलो र दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीले कक्षामा पढेका सैद्धान्तिक ज्ञान र व्यवहारबीचको तालमेल बुझ्न विभिन्न सञ्चारगृहको अवलोकन गरेका हुन्। विद्यार्थीको टोलीले पोखराका रेडियो अन्नपूर्ण, समाधान दैनिक, पब्लिक टेलिभिन र रोजिना अफसेट प्रेसको भ्रमण गरे। त्यस क्रममा उनीहरुले बदलिँदो परिवेशमा मिडियाले भोगिरहेका चुनौती, आधुनिक प्रविधिको प्रयोग र अवसरका विषयमा सञ्चार उद्यमी तथा पत्रकारसँग अन्तर्क्रियासमेत गरे। विद्यार्थीहरु सुरुमा रेडियो अन्नपूर्ण पुगेका थिए। त्यहाँका स्टेसन म्यानेजर सञ्जय मल्लले २०५८ सालमा निजी क्षेत्रबाट एफएम रेडियो खुल्दाको समय र अहिलेको अवस्था नितान्त फरक रहेको अनुभव सुनाए। सूचना र मनोरञ्जनको विकल्प नभएका बेला रेडियो खुलेको तर अहिले प्रविधिले धेरै कुरा फेरिदिएको उनले बताए। तत्कालीन राजा ज्ञानेन्द्रको शासनकाल र सशस्त्र द्वन्द्वको समयमा रेडियोले भोगेको सास्ती उनले स्मरण गरे। मल्लले भने, 'समाचारकक्षमा नेपाली सेना प्रवेश गरेर सम्पादकीय स्वतन्त्रता कुल्चिएको अवस्थादेखि भूकम्प र कोभिड महामारीसम्मका उथलपुथल हामीले भोग्यौं।' अहिले प्रविधिको विकाससँगै विज्ञापन बजार खुम्चिँदा रेडियोसहितका मिडिया आर्थिक मारमा परेको उनले सुनाए। रेडियोको अनुभव बटुलेपछि विद्यार्थी समाधान दैनिकको कार्यालय पुगे। त्यहाँ उनीहरुले समाचार उत्पादनको प्रक्रिया, 'गेटकिपिङ', सम्पादन र पृष्ठ संयोजनजस्ता प्राविधिक पक्षको जानकारी लिए। सम्पादक केशवशरण लामिछानेले सशस्त्र द्वन्द्वकै बीच २०५९ असोज १ गतेबाट पत्रिका प्रकाशन सुरु भएको जानकारी दिए। '२०७२ को संविधान जारी भएपछि संघीयताको अभ्याससँगै समाधानले काठमाडौं बाहिरबाट पनि व्यावसायिक र सन्तुलित पत्रकारिताको अभ्यास गर्दै आएको छ,' सम्पादक लामिछानेले भने। उनले पत्रिका अहिले प्रिन्ट संस्करणका साथै डिजिटल भर्सनमा पनि गइसकेको बताए। न्युजरुमको कार्यशैली बुझेपछि विद्यार्थीले रोजिना अफसेट प्रेसमा पुगेर छपाइ प्रविधिको अवलोकन गरे। प्रेस सञ्चालक रोजिना श्रेष्ठले समयसँगै छपाइको कामको चाप घटे पनि नयाँ प्रविधि र मेसिन भित्र्याएर व्यवसायलाई निरन्तरता दिएको बताइन्। परम्परागत र आधुनिक दुवै प्रविधि अपनाएको बताउँदै उनले भनिन्, 'सामाजिक सञ्जालमार्फत् मार्केटिङ गरेर व्यवसायको दायरा बढाएका छौं।' अवलोकनको अन्तिम चरणमा विद्यार्थी बार्दली मिडिया प्रालिद्वारा सञ्चालित पब्लिक फोरके टेलिभिजन पुगे। त्यहाँ उनीहरुले स्टुडियो, रेकर्डिङ र प्रसारण प्रविधिबारे जानकारी लिए। कम्पनीका प्रबन्ध निर्देशकले काठमाडौं बाहिर मिडिया चलाउनु आफैमा चुनौतीपूर्ण रहेको र त्यसमाथि दक्ष जनशक्तिको अभाव खड्किएको बताए। सामाजिक सञ्जालका कारण विज्ञापन बजार घटेर मिडिया सञ्चालन कठिन भए पनि सामाजिक सञ्जालकै कारण केही आम्दानीसमेत भएको उनको भनाइ थियो। टेलिभिजनमा विचारमूलक कार्यक्रम 'द भ्यु' चलाउँदै आएका रघुराज वाग्लेले पत्रकारिताको मर्म बुझ्न विद्यार्थीलाई आग्रह गरे। उनले भने, 'औपचारिक पढाइ सकेर यो पेसामा आउन सके पेसाको मर्यादा बढ्छ।' लेकसिटी कलेजमा पत्रकारिता अध्यापन गराउने पत्रकार भरत कोइरालाले कक्षामा पढेका विषयवस्तुलाई अझै प्रभावकारी रूपमा बुझाउन भ्रमण गराइएको बताए। भ्रमणमा सोसल वर्क पढाउने शिक्षिका रोशिना कुँवर पनि सहभागी थिइन्। गैरापाटनस्थित लेकसिटी कलेजमा पत्रकारिता र सोसल वर्क पढाइ हुनुका साथै कलेज मातहतको समाज विज्ञान केन्द्रले समसामयिक विषयमा मासिक रूपमा कचहरीसमेत चलाउँदै आएको छ।

## कर्जा भुक्तानी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१५ गते सोमबार**

यस बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्ने कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा तपाई ऋणीहरु तथा धनजमानी कर्ताहरुलाई यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| ऋणी/जग्गा धनीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | जमानीको विवरण |
|---|---|---|---|
| **ऋणीको नाम थर : राजेन्द्र ढकाल**<br>ना.प्र.नं. : ५३५४८, कास्की<br>बाबुको नाम : धनबहादुर ढकाल<br>ससुराको नाम : मानबहादुर ढकाल<br>स्थायी ठेगाना : पोखरा म.न.पा. वडा नं.-१८, कास्की<br>हालः पोखरा म.न.पा. वडा नं.-६, कास्की |  | ऋणीको नाममा रहेको कास्की जिल्ला पदेली-२ कास्की कित्ता नं. ४६,<br>क्षेत्रफल ०-८-१-१<br>(२६४.२६ बर्ग मिटर)<br>हाल पोखरा-१८, कास्की | नाम थरः गृष्मा कुँवर ढकाल<br>पतिको नामः राजेन्द्र ढकाल<br>बाजेः धन बहादुर ढकाल<br>स्थायी ठेगाना : पोखरा म.न.पा. वडा नं.-१८, कास्की<br>हालः पोखरा म.न.पा. वडा नं.-६, कास्की |
| **ऋणीको नाम थर : धर्मराज तिवारी**<br>ना.प्र.नं. : ८०५५०, कास्की<br>बाबुको नाम : मेघनाथ तिवारी<br>बाजेको नाम : प्रेम नारायण तिवारी<br>स्थायी ठेगाना : पोखरा म.न.पा. वडा नं.-३२, कास्की<br>हालः पोखरा म.न.पा. वडा नं.-१७, कास्की |  | ऋणीको नाममा रहेको कास्की जिल्ला रुपाकोट वाड नं. १<br>कित्ता नं. ७१९७<br>क्षेत्रफल ०-७-०-०<br>(२२२.५७ बर्ग मिटर)<br>हाल पोखरा-३२ कास्की | नाम थरः धनीमाया पौडेल तिवारी<br>पतिको नाम : धर्मराज तिवारी<br>बाजेको नाम : मेघनाथ तिवारी<br>स्थायी ठेगाना : हालः पोखरा म.न.पा. वडा नं.-३२, कास्की<br>हालः पोखरा म.न.पा. वडा नं.-१७, कास्की |
| **ऋणीको नाम थर : निर बहादुर आले**<br>ना.प्र.नं. : ४७५०७, पाल्पा<br>बाबुको नाम : लिलबहादुर आले<br>बाजेको नाम : तुलविर आले<br>स्थायी ठेगाना : दर्लामडाडा-५ पाल्पा<br>हालः पोखरा म.न.पा. वडा नं.-६, कास्की<br>**जग्गा धनीको नाम थर : नवराज ढकाल**<br>ना.प्र.नं. : १५०७८७, कास्की<br>बाबुको नाम : तिलकराम ढकाल<br>बाजेको नाम : पुरुषोत्तम ढकाल<br>स्थायी ठेगाना : भरतपोखरी-२ कास्की<br>हालः पोखरा म.न.पा. वडा नं.-३३, कास्की | <br> | ऋणीहरुको नाममा संयुक्त रुपमा रहेको कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ८ को कित्ता नं. २९९ क्षेत्रफल १२८ बर्ग मिटर भएको जग्गा (निर बहादुर आले र नवराज ढकालको संयुक्त नाममा लालपुर्जा भएको जग्गा ) | नाम थर : नवराज ढकाल<br>ना.प्र.नं. : १५०७८७, कास्की<br>बाबुको नाम : तिलकराम ढकाल<br>बाजेको नाम : पुरुषोत्तम ढकाल<br>स्थायी ठेगाना : भरतपोखरी-२ कास्की<br>हालः पोखरा म.न.पा. वडा नं.-३३, कास्की |

नोट : यस संस्थाबाट ऋण लिई ऋण र ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा- १७, बिरौटा, कास्की फोन नं.: ०६१-४५३१८७**

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/८/१५)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, पर्वत जिल्लाको विभिन्न ५ वटा सामुदायिक वन क्षेत्रहरुमा रहेका खोटेसल्ला (Pinus roxburghii) रुखहरुबाट खोटो संकलन गर्ने प्रस्ताव श्री माउन्ट रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज प्रा.लि. द्वारा कार्यान्वयन गर्न लागिएको हुँदा सो कार्यसँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको लागि सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ तपसिल बमोजिमको मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

| क्र.स. | मिति | समय | स्थान |
|---|---|---|---|
| १ | २०८२/८/२२ सोमबार | बिहान ११:०० बजे | जलजला |
| २ | २०८२/८/२३ मंगलबार | बिहान ११:०० बजे | कुश्मा |

**आयोजक**
**श्री माउन्ट रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज प्रा.लि.**
तिलोत्तमा नगरपालिका-१६, रुपन्देही
फोन नं.: ०७१-५१४०५५
ईमेलः mount.rosin@gmail.com